राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ५१ २०८२ भदौ २४ गते मंगलवार (09 May. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

# ‘जेन-जी’ प्रदर्शनमा २१ जनाको मृत्यु, ३४७ घाइते







काठमाडौं, २३ भदौ । सामाजिक सञ्जाल बन्द र सरकारको दमनात्मक कदमको विरोधमा ‘जेन-जी’ पुस्ताका युवाले गरेको देशव्यापी प्रदर्शन हिंसात्मक बन्दै जाँदा हालसम्म २१ जनाको मृत्यु भएको छ भने ३४७ जना घाइते भएका छन्।

स्वास्थ्य मन्त्रालयले सोमबार राति दिएको जानकारी अनुसार काठमाडौं उपत्यकाभित्र मात्रै २० जनाको मृत्यु भएको छ भने उपत्यकाबाहिर इटहरीमा थप २ जनाको ज्यान गएको हो। प्रदर्शनका क्रममा देशभर विभिन्न स्थानमा भएको झडपमा सयौँ घाइते भएका छन् ।

सरकारद्वारा सामाजिक सञ्जाल बन्द गरिएपछि उत्पन्न असन्तुष्टिका बीच काठमाडौं, पोखरा, विराटनगर, झापा, मोरङलगायतका जिल्लामा प्रदर्शनहरू चर्किएका थिए । राजधानीमा संघीय संसद भवन आसपास प्रदर्शन चर्किएपछि सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको थियो ।

## इटहरीमा गोली लागेर २ जनाको मृत्यु

सुनसरीको इटहरीमा इलाका प्रहरी कार्यालय घेराउ गर्न गएका प्रदर्शनकारीमाथि प्रहरीले गोली चलाउँदा दुई जनाको मृत्यु भएको छ। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा लगिएका ती दुई पुरुषको उमेर करिब २५ र ३० वर्ष रहेको अस्पताल स्रोतले जनाएको छ। मृतकहरूको पहिचान खुल्न बाँकी छ।

झडपपछि इटहरी नगरपालिका कार्यालयमा तोडफोड र आगजनी गरिएको थियो। त्यसपछि प्रशासनले इटहरीमा कर्फ्यु आदेश जारी गरेको छ।

## मानव अधिकार आयोगको आलोचना: ‘अत्यधिक बल प्रयोग बन्द गर’

नेपाल मानव अधिकार आयोगले प्रदर्शनमा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको भन्दै आपत्ति जनाएको छ। आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले सोमबार विज्ञप्ति जारी गर्दै ‘संविधान र अन्तर्राष्ट्रिय मान्यताअनुसार नागरिकलाई आफ्ना विमति अभिव्यक्त गर्ने अधिकार छ’ भन्दै सरकारलाई संयम अपनाउन आग्रह गरेका छन्। “सुरक्षा निकायको अत्यधिक बल प्रयोग र प्रदर्शनकारीहरूको हिंसात्मक कार्य दुवै दुःखद छन्। समाधान संवादमार्फत खोजिनुपर्छ,” विज्ञप्तिमा उल्लेख छ।

## घाइतेको उपचारमा सहयोग

काठमाडौं महानगरपालिकाले घाइतेहरूको उद्धार र उपचारमा सहयोग पुऱ्याइरहेको जनाएको छ । मेयर बालेन शाहको निर्देशनमा नगर प्रहरी टोली विभिन्न अस्पतालमा पुगेर सहयोग गर्दै आएको छ । तर ट्रमा सेन्टर र सिभिल अस्पतालमा बेड अभावका कारण उपचारमा समस्या देखिएको छ । यसका लागि अन्य अस्पतालमा समेत बिरामी सारिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आन्दोलनका घाइतेलाई मातहतका सबै संघीय अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्न निर्देशन दिएको छ । एम्बुलेन्स सेवालाई पनि थप प्रभावकारी बनाउन आह्वान गरिएको छ ।



## विभिन्न अस्पतालमा उपचाररत

स्वास्थ्य मन्त्रालयका अनुसार विभिन्न अस्पतालमा मृतक र घाइतेहरूको विवरण यस्तो छ:
ट्रमा सेन्टर: ८ जनाको मृत्यु, ४९ जना घाइते; विपद् योजना लागू

- **सिभिल अस्पताल:** ३ जनाको मृत्यु, १०० जना घाइते; १५ जना गम्भीर अवस्थाका बिरामी ट्रमा सेन्टर र वीर अस्पतालमा रेफर
- **एभरेष्ट अस्पताल:** ३ जनाको मृत्यु, ३४ घाइते, जसमध्ये ७ जनाको अवस्था गम्भीर
- **काठमाडौं मेडिकल कलेज (केएमसी):** २ जनाको मृत्यु, ३२ घाइते; ६ जनाको शल्यक्रिया आवश्यक
- **त्रिवि शिक्षण अस्पताल:** १ जनाको मृत्यु, १८ घाइते
- **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान:** ४ जना घाइते
- **नर्भिक अस्पताल:** ३ जना घाइते
- **गण्डकी अस्पताल, पोखरा:** १ जना घाइते
- **पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान:** २ जना घाइते
- **दमक, झापा:** ७ जना घाइते *अरु तथ्यांक आउन बाँकी ।*

## इटहरीमा गोली लागेर २ जनाको मृत्यु

‘जेन-जी’ आन्दोलनप्रति नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) ले ऐक्यबद्धता जनाउँदै प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकको राजीनामा माग गरेको छ। सोमबार पार्टी केन्द्रीय सचिवालय बैठकले प्रस्ताव पारित गर्दै भन्यो– “सामाजिक सञ्जाल बन्द, अभिव्यक्ति स्वतन्त्रतामा अंकुश, बल प्रयोग र हत्या गर्ने सरकार अब पदमा बस्न योग्य छैन। प्रधानमन्त्री र गृहमन्त्री तुरुन्त राजीनामा देऊ।”

पार्टी प्रवक्ता प्रकाश ज्वालाले आन्दोलनको समर्थन गर्दै ‘भ्रष्टाचारविरोधी आन्दोलनलाई हिंसामा बदल्ने दमनको रणनीति’ को भर्त्सना गरेका छन्।

## प्रधानमन्त्री ओलीको राजिनामा माँग

सोमबार जेनजी पुस्ताका युवाहरूले गरेको प्रदर्शनमा २२ जनाको मत्युभएपछि रास्वपा, नेकपा एमाले र समाजवादी पार्टीले प्रधानमन्त्री केपी शर्मा ओलीको राजिनामा माँग गरेका छन् ।

यी तीनवटै पार्टीले प्रेस विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको राजिनमा माँग गरेको हो ।

देशमा व्याप्त भ्रष्टाचार, कानुनी शासनको अवहेलना, क्रुर राजनीतिक अभ्यास र सामाजिक सञ्जाल बन्द गरेर अभिव्यक्ति स्वतन्त्रता खोसिएको विरुद्धमा नेपालको पछिल्लो पुस्ता जेनजीद्वारा आयोजित प्रदर्शनमा सरकारले गरेको बर्बर दमनको राष्ट्रिय स्वतन्त्र पार्टी भर्त्सना गर्दछ, विज्ञप्तिमा भनिएको छ ।

निहत्था नवयुवाहरूले गरेको शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनको पहिलो प्रहरमै सरकारले गरेको आमहत्याको घोर निन्दाका साथै चेतावनी दिँदै रास्वपाले भनेको छ, ’आफ्नै सन्तानको रगतमा लत्पतिएर कुशासन लम्ब्याउने कुचेष्टा अब जनताले सहने छैनन् र यो आततायी शासनको जनप्रतिवाद हुनेछ ।’

*बाँकी पृष्ठ ३मा*

## पत्रकारमाथि दमन, ४ जना घाइते

समाचार संकलनका क्रममा चार जना पत्रकार घाइते भएका छन्। नेपाल पत्रकार महासंघका अनुसार घाइते हुनेमा नयाँ पत्रिकाका फोटोपत्रकार दीपेन्द्र ढुंगाना, नेपाल प्रेसका उमेश कार्की, कान्तिपुर टेलिभिजनका राजेश श्रेष्ठ र स्वतन्त्र पत्रकार शम्भु दंगाल छन्।

राष्ट्रिय फोटो पत्रकार समूह नेपालले पत्रकारमाथि भएको बल प्रयोगको निन्दा गर्दै प्रेस स्वतन्त्रताको उल्लंघन भएको जनाएको छ।


## सेना परिचालन र कर्फ्यु आदेश

संसद भवनतर्फ प्रवेश गर्ने प्रयास भएपछि स्थानीय सुरक्षा समितिको आग्रहमा नेपाली सेनाको एक टुकडी परिचालन गरिएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले जानकारी दिनुभयो ।

सुरक्षा जोखिम बढेपछि काठमाडौँ जिल्ला प्रशासन कार्यालयले नयाँ बानेश्वर, माइतीघर, शंखमूलगायत क्षेत्रलाई दिउँसो १२:३० बजेदेखि राति १० बजेसम्म कर्फ्यु आदेश जारी गरेको छ । सिंहदरबार, नारायणहिटी दरबार, शीतल निवासलगायत संवेदनशील क्षेत्रमा पनि कर्फ्यु आदेश लागू गरिएको छ ।

यस्तै, आन्दोलन उग्रिने सम्भावना देखिँदा पोखरामा पनि आज दिउँसो २ बजेदेखि अनिश्चितकालीन कर्फ्यु जारी गरिएको छ । कास्की प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले शान्ति(सुरक्षा कायम गर्न अर्को आदेश नभएसम्म निषेधाज्ञा लागू हुने बताउनुभयो ।

*बाँकी पृष्ठ ३मा*



## सम्पादकीय

# सीमावन्दी र राजस्व घाटाको पीडा

धनुषा जिल्लाको दक्षिणी जटही-पिपरौन नाका अस्थायी रूपमा बन्द हुँदा यसले नेपालको अर्थतन्त्र, जनजीवन र व्यापारिक गतिविधिमा परेको असर गम्भीर छ। तीन सातासम्म बन्द रहने भनिएको यस नाकाले दैनिक १० लाख रुपैयाँभन्दा बढी राजस्व गुमाइरहेको तथ्य आफैंमा चिन्ताजनक छ। यस नाकाबाट दैनिक सयौं सवारीसाधन र हजारौं मानिसको आवागमन हुने गरेकोमा अहिले सबैतिर नकारात्मक प्रभाव परेको छ।

भारत सरकारले आफ्नै भूभागमा करिब डेढ किलोमिटर सडक स्तरोन्नतीका लागि करिब डेढ करोड भारतीय रुपैयाँ लगानी गरेर काम गरिरहेको कारण यो नाका बन्द गरिएको हो। तर यसले नेपालको जनकपुर भन्सार, व्यापारी, सवारीधनी, पैदल यात्रु तथा पर्यटन क्षेत्रमा तत्कालीन समस्या सिर्जना गरेको छ। सीमावन्दीले नेपालतर्फको जनजीवनलाई प्रत्यक्ष प्रभावित पारेको उदाहरण फेरि एकपटक देखिएको छ।

नेपाल-भारतको सम्बन्ध खुला सीमा र आपसी व्यापारिक सहकार्यमा आधारित छ। तर प्राविधिक काम वा सुधारका नाममा एकतर्फी रूपमा नाका बन्द गर्ने प्रवृत्ति भविष्यमा समस्याग्रस्त बन्न सक्छ। यस्तो अवस्थामा भारतले नेपाल सरकारसँग समयमै समन्वय गरी वैकल्पिक बाटो वा अस्थायी व्यवस्था मिलाउनुपर्ने हो। तर विडम्बना, नेपाल सरकार आफैं पनि मौन बसेको छ। यसरी महत्वपूर्ण नाकामा बाधा हुँदा राजस्व मात्रै होइन, जनताको दैनिकी, व्यापारीको कारोबार र बजारको चहलपहल पनि प्रभावित भएको छ।

जनकपुरधाम बजारमा पर्यटक नआउनु, व्यापारीले सामान ढुवानी गर्न लामो बाटो छिचोल्नुपर्ने बाध्यता, सवारीसाधनलाई अन्य भन्सार नाकामा पुग्नुपर्ने स्थिति–यी सबैले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष चोट पुऱ्याइरहेका छन्। नेपाल-भारतबीचको आपसी निर्भरता हेर्दा यसरी नाकाबन्दी हुनु दुवै देशका लागि प्रतिकूल हो। यस घटनाले देखाएको कुरा स्पष्ट छ–नेपालले आफ्ना भन्सार नाका, राजस्व स्रोत र अन्तर्राष्ट्रिय व्यापारिक मार्गलाई केवल छिमेकी मुलुकको निर्णयमा मात्र निर्भर राख्नु खतरनाक छ। नेपाल सरकारले तत्काल भारत सरकारसँग उच्चस्तरीय वार्ता गरी वैकल्पिक व्यवस्था मिलाउनु आवश्यक छ। साथै, आन्तरिक संरचना विकास र वैकल्पिक मार्गको तयारी गरेर मात्र भविष्यमा यस्ता संकटलाई न्यून पार्न सकिन्छ।

हामीले भोगिरहेको राजस्व घाटा केवल आर्थिक आँकडा मात्र होइन, यसले राज्यको विकास बजेट, सेवासुविधा र आम नागरिकको जीवनलाई समेत प्रभावित गर्नेछ। त्यसैले अबको आवश्यकता छ–समान अधिकार, पारस्परिक सहकार्य र समयमै कूटनीतिक पहल।

नेपालले आफ्नो सार्वभौमिक हितलाई ख्याल राख्दै सीमासम्बन्धी विषयमा समयमै कूटनीतिक चातुर्य देखाउन सके मात्र यस्ता समस्याबाट दीर्घकालीन समाधान निकाल्न सकिन्छ। अन्यथा, जटही-पिपरौन नाकाजस्ता अस्थायी बन्दहरुले फेरि-फेरि हाम्रो अर्थतन्त्रलाई नोक्सान पुऱ्याइरहनेछ।

# गुरुङ संस्कृति बुझाउने 'रिमै'

**भेषराज काकी**

पछिल्लो समय नेपालमा विभिन्न जातजातिका संस्कृतिमा आधारित चलचित्र बन्ने क्रम बढेको छ । लिम्बू संस्कृतिमा 'जारी', राई संस्कृतिमा 'गाउँ आएको बाटो', मगर संस्कृतिमा 'घर ज्वाइँ', शेर्पा संस्कृतिमा 'कार्साङ' लगायतका चलचित्र निर्माण भइसकेका छन् । ती चलचित्रको कथामा उल्लिखित समुदायको संस्कृति जोडेर तयार गरिएको थियो । यही क्रममा आजदेखि प्रदर्शन भएको चलचित्र 'रिमै'मा गुरुङ समुदायको कला र संस्कृति समावेश छ ।

एउटा व्यक्तिको जन्मदेखि मृत्यसम्मको संस्कृतिलाई देखाइएको चलचित्र गुरुङ संस्कृति बुझ्ने महत्वपूर्ण दस्तावेज बन्न सक्नेछ । विशेषगरी गोरखाको माथिल्लो भेगमा बस्ने गुरुङ समुदायको संस्कार र संस्कृति समेटिएको चलचित्रले प्रेमकथामार्फत संस्कृतिलाई देखाएको छ । यस अगाडि गुरुङ भाषाका चलचित्रमा ती संस्कृतिलाई देख्न पाइएता पनि मूलधार अर्थात् नेपाली भाषामा निर्माण भएको 'रिमै' ले गुरुङ समुदायको संस्कृति र जीवनशैलीका विभिन्न आयामलाई गैरगुरुङमाझ पनि परिचित गराउने विश्वास छ ।



चलचित्रको सुरुआतमै ठागु ( दयाहाङ राई) र रुपा (रिश्मा गुरुङ) को अभिभावकले धागो बाँधेर विवाह गर्ने निधो गर्छन् । ठागु आफ्नै मामा (माओत्से गुरुङ) को छोरीसँग बाल्यकालदेखि नै प्रेममा पर्छन् । सम्बन्धले सोल्टिनी भए पनि ठागुले रुपलाई आफ्नो श्रीमती मानिसकेका हुन्छन् । तर, रुपलाई ठागु मन परेको हुँदैन । बाल्यकालदेखि नै विविध कारणले रुपाको मनमा सोल्टी ठागुका लागि माया छैन । उनलाई पनि पत्तो नभई घृणा विकसित हुँदै जान्छ । बरू रुपाकी बहिनी गोरी ( गौमाया गुरुङ) ले ठागुलाई मन पराउँछिन् ।

समयसँगै ठागु आफ्नो आर्थिक अवस्था सबल बनाउन वैदेशिक रोजगारीमा जान्छ । त्यहाँबाट बिदामा फर्किएको समयमा ठागु आफ्नो बाल्यकालको प्रेम रुपलाई श्रीमती बनाएर घर भित्र्याउन चाहन्छ । तर, रुपा गाउँमा खच्चड लिएर आउने गोविन्द (अर्पण थापा) नामक व्यापारीसँग नजिक हुनेछ । सोल्टी ठागुसँग टाढिएकी रूपमालाई गोविन्दसँग प्रेम हो कि आकर्षण आफैंलाई थाहा छैन ।

एक दिन ठागु आफ्नो बुबालाई लिएर मामा कहाँ रुपालाई माग्न आउँछ । बाल्यकालमै धागो बाँधेर एक अर्कासँग विवाह पक्का भएकाले मामाले सहजै विवाहका लागि स्वीकारोक्ति दिएर प्रक्रिया अगाडि बढाउँछन् । ठागु गुरुङ संस्कृतिअनुसार आफ्नो सोल्टिनी रुपालाई श्रीमतीका रूपमा घर भित्र्याउन जन्ती लिएर आउँछन् । तर, सोही समयमा रूपमा गोविन्दसँग भाग्छिन् । त्यसपछि आउने उतारचढावलाई चलचित्रको विषय बनाइएको छ ।

चलचित्रको कथा अगाडि बढ्दै गर्दा गुरुङ संस्कृतिलाई पृष्ठभूमिमा देखाएइको छ । यसको मुख्य विषय पनि संस्कृतिसँग जोडिएको छ । गुरुङ समुदायमा छोरी नभई अन्तिम संस्कारको विधि अगाडि बढ्ने परम्परालाई देखाउँदै छोरीको महत्वलाई दर्शाइएको छ । त्यसो त 'रिमै' शब्दको अर्थ गुरुङ समुदायमा 'छोरी(चेली' भनेर बुझिन्छ ।

चलचित्रको प्रचार सामग्री हेर्दा 'कबड्डी' झैं लागे तापनि यो पूर्ण रूपमा फरक छ । गुरुङ समुदायको फूल बाँध्ने, विवाहको प्रचलन, अन्तिम संस्कारको प्रचलनलाई चलचित्रमा विस्तारपूर्वक देखाएइको छ । नयाँ पुस्ताका गुरुङ वा गैरगुरुङलाई चलचित्रले गुरुङ समुदायको कला र संस्कृतिसँग जोडेर थोरबहुत जानकार बनाउँछ ।

चलचित्रमा अभिनेता दयाहाङ राईले 'ठागु' नामक पात्रको भूमिका निर्वाह गर्नुभएको छ । पछिल्लो समय प्रायः समुदायको चलचित्रमा अभिनेताका रूपमा काम गर्न पाउनुभएका अभिनेता राईले ती चलचित्रमार्फत नेपालको समुदायपिच्छेको विविधता र सौन्दर्यतालाई बुझ्ने मौका पाएको बताउनुभयो । "मैले धेरै समुदायको कथालाई पर्दामा प्रतिनिधित्व गर्ने मौका पाएको छु । यो एउटा अभिनेताका लागि गौरवको कुरा हो । मैले ती समुदायको पात्र भएर काम गर्दा उनीहरूको मौलिकता, संस्कृति, संस्कार र कला बुझ्ने मौका पाए । ती विविधता हाम्रो सौन्दर्य हुन्", उहाँले भन्नुभयो ।

अभिनेता राईले 'रिमै' अहिले झट्ट हेर्दा सामान्य चलचित्र झैं लागे तापनि यसमा देखाइएको विषय मौलिक र गम्भीर रहेको बताउनुभयो । गाउँमा रोजगारीको अवसर नरहेकोसँगै इमान्दार केटाले गर्नुपर्ने सङ्घर्षलाई समेत चलचित्रमा समेटिएको उहाँले बताउनुभयो । "भोलिको पुस्ताले गुरुङ समुदायबारे बुझ्न यो चलचित्र उपयोगी हुने मैले ठानेको छु । गुरुङ भाषामा चलचित्र बनेका छन्, तर सबैले नेपालभर बुझ्ने भाषामा यो चलचित्र तयार भएकाले महत्वपूर्ण छ । प्रवासमा बस्ने गुरुङ समुदायका अभिभावकले आफ्नो छोराछोरीलाई यो चलचित्र देखाए मात्र पनि यसले कला र संस्कृतिबारे जानकार बनाउन सक्छ", अभिनेता राईले भन्नुभयो ।

चलचित्रकी अभिनेत्री रिश्मा गुरुङले चलचित्र हेरेपछि गुरुङ समुदायमा छोरीको महत्व झनै प्रस्टिने जानकारी दिनुभयो । आफैं गुरुङ समुदायको भएकीले पनि नयाँ पुस्तामा पुस्तान्तरण हुन नसकिरहेको संस्कृतिलाई चलचित्रले बृहत् रूपमा प्रचार गर्ने अभिनेत्री गुरुङले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "म यो चलचित्रमा काम गर्न तयार हुनुको एउटा कारण संस्कृतिलाई जोडेर तयार गरिएको कथा हो । पुर्खाले सिकाएको संस्कार र संस्कृति समेटिएको पटकथा पढेपछि यसमा काम गर्नुपर्छ भन्ने प्रेरणा मलाई प्राप्त भएको हो । मनोरञ्जन चाहनेका लागि पनि यो चलचित्र उत्तिकै राम्रो छ । यो गुरुङ समुदायले हेर्नैपर्ने चलचित्र बनेको छ ।"

उहाँले चलचित्रमा 'रुपा'को भूमिका निर्वाह गर्नुभएको छ । एउटी छोरीले जीवनमा गर्नुपर्ने सङ्घर्ष र परम्परागत चलनले पार्ने अप्ठ्यारालाई पनि चलचित्रमा देखाइएको उहाँले बताउनुभयो । झन्डै आठ वर्षको अन्तरालमा उहाँले यो चलचित्रमा अभिनय गर्नुभएको हो । चलचित्रमा अर्पण थापा, गौमाया गुरुङ, कविता आलेमगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, वीरमाया गुरुङ, वीरवल घले, डिबी गुरुङ, टेक गुरुङलगायतका कलाकारले अभिनय गरेका छन् ।

खिलबहादुर गुरुङले निर्देशन गर्नुभएको चलचित्रमा काम गरेपछि आफूले पनि गुरुङ समुदायको संस्कृतिलाई नजिकबाट बुझेको अभिनेता पुस्कर गुरुङले बताउनुभयो । "म ब्राह्मण, क्षेत्री समुदायको बाहुल्यता भएको समाजमा हुर्किए । मलाई गुरुङ भाषा राम्रोसँग बोल्न आउँदैन र मैले संस्कृतिलाई नजिकबाट बुझ्न पनि पाएको छैन । तर, चलचित्रमा काम गर्दै गएपछि मैले गुरुङ मात्र नभई अन्य समुदायको संस्कृतिलाई पनि बुझ्ने मौका पाएको छु । यस्ता चलचित्र नेपालमा बन्नुपर्छ", अभिनेता गुरुङले भन्नुभयो ।

विभिन्न समुदायको संस्कृति समेटेर कथा तयार गरिए तापनि त्यो मनोरञ्जनपूर्ण हुनु आवश्यक छ । विदेशी चलचित्रमा समुदायको कथा आउन थालेको धेरै भए तापनि नेपालमा भने त्यसको सङ्ख्या न्यून नै छ । लगानीकर्ताको अभावसँगै सबै दर्शकलाई हुने पटकथा तयार गर्न नसक्दा समुदायका कथा न्यून रूपमा ठूलो पर्दा अर्थात् चलचित्रमा देखिने गरेको छ । चलचित्र 'रिमै' का सम्पादक मित्रदेव गुरुङले चलचित्रले जुनै समुदायको कथालाई उठान गरेता पनि मनोरञ्जन आवश्यक रहेको बताउनुभयो ।

"संस्कृतिले सम्बन्धित समुदायलाई मनोरञ्जन प्रदान गर्ला तर त्योसँगै सबै समुदायलाई हुनेगरी पटकथा तयार गर्न सके मात्र त्यो चलचित्र सफल मानिन्छ । म आफैं गुरुङ समुदायको भएकाले पनि हामीले तयार गरेको चलचित्र 'रिमै' हाम्रै संस्कृतिमा भए तापनि मनोरञ्जक हुनुपर्छ भनेर तयार गरेका हौं । यो चलचित्रले गुरुङ समुदायमा जन्म भएदेखि मृत्य भएर अन्तिम संस्कार हुँदासम्मको संस्कारलाई देखाएको छ । त्यसकारण पनि सम्पूर्ण समुदायका लागि महत्वपूर्ण चलचित्र बनेको छ, जस्तो हामीलाई लागेको छ", सम्पादक गुरुङले भन्नुभयो ।

मौलिक विषय र समुदायको कथाको आगमन भएसँगै नेपाली चलचित्र विदेशीबाट प्रभावित भएको भन्ने आरोप कम हुने गरेको छ । कथासँगै गीतसङ्गीत, वेशभूषा, लवजमा समेत मौलिकता देखिन थालेको छ । नेपाली चलचित्रमा ग्रामीण भेगको सौन्दर्य र गाउँले जीवनको खुसीलाई देखाइनु नयाँ पुस्ताका लागि नवीनतम अनुभव पनि हुनसक्छ । गुरुङ समुदायकै कथामा आधारित रहेर तयार गरिएता पनि 'रिमै' ले संस्कृति बुझाउँदै आम दर्शकलाई पनि मनोरञ्जन दिन्छ । चलचित्र भदौ २० देखि नेपालसहित अस्ट्रेलिया, न्युजिल्यान्डलगायतका देशमा समेत प्रदर्शन भइरहेको छ ।रासस

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# चन्द्रग्रहण २०२५ : भारतमा देखियो 'ब्लड मुन' देशभर आकाशमा टङ्कारिएका नजरहरू



आइतबार खगोलशास्त्री तथा अन्तरिक्षप्रेमीहरूका लागि विशेष दिन रह्यो। आइतबार राति भारतसहित संसारका धेरै देशहरूमा पूर्ण चन्द्रग्रहण अवलोकन गरियो।

यो पूर्ण चन्द्रग्रहण 'ब्लड मुन' मा परिणत भयो, जसमा चन्द्रमा रातो देखिनुका साथै सामान्यभन्दा ठूलो देखियो।

पूर्वी अफ्रिका, युरोप, पश्चिमी अस्ट्रेलिया र भारतसहित एशियाका धेरै मुलुकमा यो खगोलीय घटना सुरुदेखि अन्त्यसम्म स्पष्ट देख्न सकिन्थ्यो।

यो वर्षको अन्तिम चन्द्रग्रहण भएकाले भारतभर यो दृश्य अवलोकन गरियो। लद्दाखदेखि तमिलनाडुसम्म लाखौं आँखाले आइतबार राति चन्द्रग्रहण अवलोकन गरे। यस क्रममा मानिसहरूले दुर्लभ 'ब्लड मुन' अर्थात् रातो चन्द्रग्रहणको नजारा पनि हेरे।

आइतबार राति ९:५७ बजेबाट पृथ्वीको छायाले चन्द्रमा ढाक्न सुरु गर्‍यो। देशका केही भागमा बादल र वर्षा भइरहेका कारण चन्द्रमा आँखामिचौली खेलेजस्तो देखिएको थियो।

क्रमशः पृथ्वीको छायाले पूरै चन्द्रमा ढाक्यो र 'ब्लड मुन' को लोभलाग्दो दृश्य प्रकट भयो।

- **भारतका प्रायः** सबै राज्यमा पूर्ण चन्द्रग्रहण देखियो।
- **उत्तर भारत:** दिल्ली, चण्डीगढ़, जयपुर र लखनऊ
- **पश्चिम भारत:** मुम्बई, अहमदाबाद, पुणे
- **दक्षिण भारत:** चेन्नई, बेंगलुरु, हैदराबाद र कोच्चि
- **पूर्व भारत:** कोलकाता, भुवनेश्वर, गुवाहाटी

यसैगरी मध्य भारतका भोपाल, नागपुर, र रायपुरसहित अन्य धेरै सहरमा पनि चन्द्रग्रहण देखियो।

चेन्नईमा दूरबीनमार्फत 'ब्लड मुन' हेर्दै गरेको बालकको तस्बिर चर्चामा रह्यो। यो पूर्ण चन्द्रग्रहण एशियासहित युरोप र अफ्रिकाका धेरै भागमा अवलोकन गरिएको थियो।

*चन्द्रग्रहण कहिले सुरु र अन्त्य भयो?*

भारतीय समयअनुसार ७ सेप्टेम्बर राति करिब ८:५८ बजे चन्द्रग्रहण सुरु भयो।

पूर्ण चन्द्रग्रहण -ब्लड मुन चरण) राति ११:४८ बजेदेखि १२:२२ बजेसम्म रह्यो।

यो चन्द्रग्रहण ८ सेप्टेम्बर बिहान २:२५ बजे सम्पन्न भयो।

*चन्द्रग्रहण कसरी लाग्छ?*

चन्द्रमाको आफ्नै प्रकाश हुँदैन। सूर्यको किरण चन्द्रमामा परेर परावर्तित हुँदा चन्द्रमा चम्किएको देखिन्छ।

तर सूर्यको परिक्रमा गर्ने क्रममा कहिलेकाहीँ पृथ्वी सूर्य र चन्द्रमाबीच पर्न आउँछ। यस अवस्थामा सूर्यको प्रकाश चन्द्रमा सम्म पुग्दैन र चन्द्रमा पृथ्वीको छायामा पर्छ।

यो स्थिति प्रायः पूर्णिमाको दिन मात्र सम्भव हुन्छ, जब सूर्य, पृथ्वी र चन्द्रमा एउटै सीधमा आउँछन्। यसबेला चन्द्रमा अँध्यारो देखिन्छ, जसलाई चन्द्रग्रहण भनिन्छ।

*'ब्लड मुन' भनेको के हो?*

चन्द्रग्रहणका क्रममा कहिलेकाहीँ चन्द्रमा रातो देखिन्छ, जसलाई 'ब्लड मुन' भनिन्छ।

नासाका अनुसार सूर्यको किरण पृथ्वीको वायुमण्डल भित्र पस्दा टाढा टाढा बाङ्गिन्छन्। निलो र बैजनी प्रकाश सजिलै बिखरिन्छ भने रातो वा सुन्तला रंग सिधै अगाडि बढ्छ।

यसै प्रक्रियालाई रेली स्क्याटरिङ (च्बथभिष्नज कअबततभचष्लन) भनिन्छ। यसकै कारण आकाश निलो देखिन्छ र सूर्यास्त वा सूर्योदयका बेला सूर्य रातो देखिन्छ।

चन्द्रग्रहणका बेला सूर्यको बाँकी रहेका रातो किरण वायुमण्डल पार गरेर चन्द्रमा सम्म पुग्छन्। त्यसैले चन्द्रमा रातो देखिन्छ।

यदि वायुमण्डलमा धूलो वा बादल बढी भए, चन्द्रमा अझ रातो देखिन्छ।

*चन्द्रग्रहण हेर्दा के ध्यान दिने?*

चन्द्रग्रहणजस्ता खगोलीय घटनालाई विश्वभरका वेधशालाले नियाल्छन्।

यसलाई खुला आँखाले वा टेलिस्कोपमार्फत सजिलै देख्न सकिन्छ।

यदि तपाईंलाई दूरबीन वा टेलिस्कोप छ भने प्रयोग गर्न सकिन्छ।

सूर्यग्रहणलाई खुला आँखाले हेर्न हानिकारक हुन्छ, तर चन्द्रग्रहण खुला आँखाले हेर्दा कुनै खतरा हुँदैन, किनभने चन्द्रमाको प्रकाश तीव्र हुँदैन।

# बाघको आक्रमणबाट महिनामा चार जनाको मृत्यु

दैनिक समाचारदाता
बारा, २३ भदौ । बाघको आक्रमणबाट बारामा एक महिनामा चार जनाको मृत्यु भएको । बाघको आक्रमणबाट मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका(१ का ५५ वर्षीय छेवाङ्ग लामा, जीतपुरसिमरा(२ का ५५ वर्षीय कृष्णप्रसाद शर्मा, सोही वडाकै रमेश कार्की र मकवानपुरको मनहरी गाउँपालिकाका ५५ वर्षीय चन्द्रबहादुर भुलन रहेको प्रहरी उपरीक्षक सन्तोष तमाङले जनाकारी दिनुभयो ।

जिल्लाको जीतपुरसिमरा(४ स्थित प्रगतिशिल सामुदायिक वनमा बाघको आक्रमणबाट आइतबार एक पुरुषको ज्यान गएको थियो । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेदप्रकाश जोशीका अनुसार जीतपुरसिमरा(१ का ५५ वर्षीय छेवाङ्ग लामाको बाघको आक्रमणबाट ज्यान गएको हो । लामालाई आइतबार च्याउ टिप्न जङ्गल जाने क्रममा प्रगतिशील सामुदायिक वनभित्र बाघले आक्रमण गरेको हो । घाँस काट्न गएका स्थानीयले घटनास्थलमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । बाघलाई नियन्त्रणमा लिन चितवनबाट डार्ट टोली परिचालन गरिएको पर्सा राष्ट्रिय निकुञ्जका बरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिनुभयो । दुई वटा हात्ती सौराहाबाट बाघको खोजीका लागि आएको उहाँले बताउनुभयो । बाघलाई डार्ट गर्न पशु चिकित्सकसहितको टोली जङ्गल क्षेत्रमा परिचालन गरिएको छ ।

# एकीकृत समाजवादीको कार्यालय तोडफोड




दैनिक समाचारदाता
काठमाडौँ २३ भदौ । जेनजी आन्दोलनका क्रममा नेकपा एकीकृत समाजवादीको केन्द्रीय कार्यालय तोडफोड भएको छ । काठमाडौँ को आलोकनगरमा रहेको पार्टी कार्यालयमा तोडफोड भएको नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले जानकारी दिए ।

नेता ज्वालाका अनुसार ढुंगामुढाबाट कार्यालयका र झ्यालका सिसाहरू फुटेका छन् । त्यस्तै गेट समेत तोडफोड गरिएको छ । आन्दोलनकारीले आगो समेत लगाउने प्रयास गरेका थिए । तोडफोडपछि प्रहरीले सुरक्षा दिएको ज्वालाले जानकारी दिए । यसअघि चैत १५ गते भएको राजावादी पक्षधरको आन्दोलनका क्रममा पनि सो पार्टीको कार्यालय तोडफोड र आगजनीको प्रयास भएको थियो ।

# मधेश प्रदेशका ३९ स्थानीय तहले पेस गरेन बजेट

दैनिक समाचारदाता
जनकपुर, २३ भदौ। चालु आर्थिक वर्षको दुई महिना बित्न लागेको छ । तर मधेश प्रदेशका ३९ पालिकाले अहिलेसम्म चालु आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट ल्याउन सकेको छैन । चालु वर्षका लागि गत आर्थिक वर्ष २०८१/०८२ को असार १० गतेभित्र नै बजेट ल्याउनु पर्ने कानुनी प्रावधान रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले अगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नु पर्ने छ । सोही दफाको उपदफा ६ मा पेस भएको बजेट असार मसान्तभित्र सभाले पारित गरिसक्नु पर्ने उल्लेख छ । तर मधेश प्रदेशभित्रका ३९ पालिकाहरूमा जनप्रतिनिधिहरू बिचको आन्तरिक विवाद तथा समस्याका कारण अहिलेसम्म बजेट ल्याउन नसकेको हो ।

मधेश प्रदेशमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ पालिका छन । तीमध्ये ९७ वटा पालिकाले बजेट ल्याएसकिएको छ भने एक उपमहानगरपालिका, १८ नगरपालिका र २० गाउँपालिकाले अहिलेसम्म बजेट ल्याउन सकेको छैन । अर्थात् ७१.३२ प्रतिशत पालिकाले बजेट पेस गरेका छन् भने २८.६७ प्रतिशत पालिकाले बजेट पेस गरेका छैन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा स्थानीय तह (पालिका) ले प्रविष्ट गरेको विवरण अनुसार सबभन्दा बढी धनुषाका स्थानीय तहले बजेट पेस गरेको देखिएन । यस जिल्लामा १८ स्थानीय तहमध्ये जनकपुरधाममा उपमहानगरपालिकासहित १० स्थानीय तहले बजेट पेस गरिएको छैन ।

सबभन्दा बढी महोत्तरीका स्थानीय तहहरूले बजेट पेस गरेको छ । यहाँ १५ वटा पालिकामध्ये एउटा सोनमा गाउँपालिकाले मात्रै बजेट ल्याएको छैन । त्यस्तै सप्तरीमा १८ स्थानीय तहमध्ये छ वटाले बजेट पेस नगरेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । मन्त्रालयको पोर्टलमार्फत सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरण अनुसार सिराहाको १७ मध्ये तीन, सर्लाहीको २० मध्ये पाँच, रौतहटको १८ मध्ये पाँच, बाराको १६ मध्ये चार र पर्साको १४ मध्ये पाँच पालिकाले बजेट पेस नगरिएको हो ।

अहिलेसम्म बजेट ल्याउन नसकेका धनुषाको नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादवले राजनीतिक दलबिच सहमति जुट्नु नसकेका कारण नगर सभा नभएको बताउनुभयो । उहाँले भन्नुभयो नगर सभाको बैठक चार, पाँच पटक डाकियौं । तर बहुमत सदस्य सङ्ख्या एमालेको रहेकोले उहाँहरू सहभागी नहुँदा नगर सभा हुन नसकेको हो । सहमति जुटाउन हदैसम्मको प्रयास अहिले पनि चलिराखेको उहाँले बताउनुभयो ।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा स्थानीय तह (पालिका) ले प्रविष्ट नगरेको सूचीमा परेको एक मात्र उपमहानगरपालिका जनकपुरधाम उपहानगरपालिका प्रमुख मनोजकुमार साहले गत असार ३० गते नै बजेट पेस गरिसकेको दाबी गर्नुभयो ।

"तर अहिलेसम्म मन्त्रालयको पोर्टलमा अपडेट नहुनुका कारण कर्मचारीसँग बुझ्छु । उपमहानगरपालिकाले असार १० गते नीति तथा कार्यक्रम र असार ३० गते बजेट पेस गरेको थियो ।"

स्थानीय तहले तोकिएको समयमा बजेट ल्याउन नसक्दा सुशासनमाथि नै प्रश्न खडा भएको छ। बजेट नल्याएका स्थानीय तहको विकास निर्माणका टेन्डर प्रक्रिया, नियमित प्रशासनिक खर्च र स्थानीय स्तरमा दिइने सेवा प्रवाहमा असर पर्ने निश्चित देखिन्छ। पालिकाहरुका निर्वाचित जनप्रतिनिधिहरू बिचको अविश्वास र दलगत स्वार्थका कारण बजेट पेस नहुँदा यसको प्रत्यक्ष मार स्थानीय नागरिकमा परिरहेकोले नागरिकको सर्वोत्तम हितमा काम गर्न जनप्रतिनिधि अगाडि बढ्नुको विकल्प छैन ।

## सेना परिचालन....

त्यस्तै जेनजीहरूको प्रदर्शन देशभर उग्र भएपछि रुपन्देही जिल्लामा पनि कर्फ्यु आदेश जारी गरिएको छ। रुपन्देहीका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले अपरान्ह ४ बजेदेखि राति १० बजेसम्मका लागि जिल्लाको भैरहवा र बुटवल क्षेत्रमा कर्फ्यु आदेश जारी गरेका हुन्।

भैरहवा क्षेत्रको पूर्वमा रोहिणी खोलासम्म, पश्चिममा बेथरी पुलसम्म, उत्तरमा बुद्धचोकसम्म, दक्षिणमा मेउडिहवासम्म, बुटवल बेलहिया सडक खण्डको दायाँबायाँ एक सय मिटरसम्म चार किल्ला तोकिएको छ। त्यस्तै बुटवल क्षेत्रको पूर्वमा पेट्रोलपम्प धागो कारखाना पुलसम्म, पश्चिममा बेलवास चोकसम्म, उत्तर चिडिया खोलासम्म र दक्षिणमा मंगलापुरसम्म चार किल्ला तोकिएको हो ।प्रशासनद्वारा जारी गरिएको सूचनामा भनिएको छ चार किल्लाको सो सिमानाभित्र कसैले आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यु आदेश जारी गरिएको छ।

## प्रधानमन्त्री........

वर्तमान सरकारको औचित्य पूर्णतः समाप्त भइसकेको परिप्रेक्षमा प्रधानमन्त्रीको तत्काल राजीनामा समेत माग गरेको छ । साथै घटनाको निष्पक्ष छानबिन गर्न उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरी गृहमन्त्री लगायत सबै दोषीमाथि कडा कारबाही गर्न माग समेत गरेको छ । नेपाली कांग्रेस र नेकपा एमालेको वर्चस्व रहेको वर्तमान सङ्घीय संसद्ले कुनै पनि राष्ट्रिय मुद्दाको हल निकाल्न असमर्थ भई वैधता गुमाएको निष्कर्षमा पुग्दै ताजा जनादेशको माग रास्वपाले गरेको हो ।

सरकारबाट हत्या गरिएका जेनजी योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते भएका सबैको निःशुल्क उपचारको व्यवस्था गर्न माग समेत गरेको छ ।

# दशैंको रौनकमा जनकपुरधाम मठमन्दिर सजावटदेखि दशैं बजारसम्म तयारी तिव्र

दैनिक समाचारदाता

जनकपुरधाम, २३ भदौ। धार्मिक एवं ऐतिहासिक नगरी जनकपुरधाममा यस वर्षको विजया दशमीलाई लक्षित गर्दै तयारी तिव्र गतिमा शुरु गरेको छ। प्रतिवर्ष झैं यस वर्ष पनि यहाँका प्रमुख मठमन्दिर, चौक, तथा प्रवेशद्वारहरूलाई श्रृङ्गार गर्ने कार्य धमाधम भइरहेको छ।

यहाँका विजया दशमी विशेष महत्व बोकेको पर्वका रूपमा परिचित छ। करिब एक महिना अघिदेखि नै राजदेवी मन्दिर, राममन्दिर, बौद्धी मन्दिर, मनकामना मन्दिर, अन्नपूर्ण मन्दिर, सोनामाई मन्दिरलगायतका दर्जनौं धार्मिक स्थलहरूमा सजावट सुरु गरिएको छ। स्थानीय युवा क्लब र धार्मिक समितिहरूले विद्युत सजावट, पण्डाल र तोरणद्वारमार्फत सम्पूर्ण वातावरणलाई उल्लासमय बनाइरहेका छन्।

विशेष गरी राजदेवी मन्दिर र राममन्दिर दशैं मेलाको केन्द्रविन्दुका रूपमा रहन्छन्। यहाँ हरेक वर्ष भव्य रूपमा पूजापाठ आयोजना गरिन्छ। दशमीका दिन राजदेवी माताको दर्शन गर्न नेपालका विभिन्न प्रदेशहरूमात्र होइन, भारतको बिहार र उत्तर प्रदेशलगायतका क्षेत्रबाट समेत हजारौंको संख्यामा भक्तजनहरूको भीड लाग्ने गर्दछ।

सोही अवसरमा स्थानीय राम युवा कमिटी र महावीर युवा कमिटीले संयुक्त रूपमा रामचौक क्षेत्रका मठमन्दिरको सजावट तथा पूजापाठ व्यवस्थापन गर्ने गर्दै आएको छ।

यससँगै, घटस्थापनादेखि नै जनकपुरधामको रामचौकस्थित गोपाल धर्मशालामा करिब ६० वर्षदेखि निरन्तर लाग्ने 'दशैं बजार' यस वर्ष पनि सञ्चालन हुने भएको छ। यस बजारमा खाद्यान्नदेखि कपडा, सजावटी सामग्री, पूजा(सामग्री, खेलौना र अन्य उपभोग्य वस्तुहरू एकै ठाउँमा उपलब्ध हुने भएकाले मेलामा आउने भक्तजनहरूले पूजापाठसँगै किनमेल गर्ने अवसर पाउने गर्दछन्।

करीब नौ दिनसम्म चल्ने दशैं मेला जनकपुरधामवासी मात्र नभई देशभरका श्रद्धालु तथा पर्यटकलाई आकर्षित गर्ने प्रमुख धार्मिक र सांस्कृतिक पर्वका रूपमा स्थापित भइसकेको छ। दशमीको अवसरमा जनकपुरधामको धार्मिक वातावरणसँगै व्यापार, पर्यटन र सांस्कृतिक विविधता पनि उत्कर्षमा पुग्ने परम्परा रहँदै आएको छ।

यसरी, विजया दशमीलाई लक्षित गर्दै जनकपुरधाममा भइरहेको श्रृङ्गार, तयारी र बजार व्यवस्थापनले यस वर्षको दशैंलाई झन् भव्य र उल्लासमय बनाउने अपेक्षा गरिएको छ। यस वर्षको घटस्थापना असोज ६ गते पर्न आएको छ।

***दशैं मेलाका लागि समितिहरु गठन***

वडा दशैं, दीपावली तथा छठपर्वलाई लक्षित गरी जनकपुरधाममा प्रतिवर्ष लाग्दै आएको दशैं बजार यसवर्ष पनि शुरु हुन लागेको छ।

सो मेलाको तयारीका लागि जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष शुरेन्द्र कुमारी भण्डारीको अध्यक्षतामा बसेको बैठकबाट विभिन्न समिति, उपसमितिहरु गठन गरिएको छ।

समितिहरुमा संरक्षण तथा सल्लाहकार समिति, आपूर्ति तथा अनुगमन उपसमिति, स्टल व्यवस्था उपसमिति, गुणस्तर तथा मूल्य निर्धारण उपसमिति, प्रचार प्रसार उपसमिति, सरसफाई उपसमिति गठन गरिएको जनाइएको छ।

# महिलामाथि गोली प्रहार, गोली हान्ने भारतीय हतियारसहित पक्राउ



दैनिक समाचारदाता

वीरगन्ज २३ भदौ। वीरगन्जमा सोमबार दिउँसो गोली चलेको छ। वीरगन्ज(१६ रजत जयन्ती चोकमा सोमबार दिउँसो ४ बजे गोली चलेको हो।

रजत जयन्ती चोकमा रहेको खाजा खाने होटलमा ग्राहक बनेर आएका भारतको झारखण्ड भएका अन्दाजी ३० वर्षीय प्रदीप शर्माले त्यही होटलमा रहेकी भारतकै बिहार राज्यको बेतियाकी २८ वर्षीया निशाकुमारी सहनीलाई गोली हानेका हुन्। बायाँ गालामा गोली लागेर गम्भीर घाइते उनको नारायणी अस्पतालमा उपचार भइरहेको पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए।

निशालाई गोली हानेर भाग्दै गरेका शर्मालाई वीरगन्जको भन्सार क्षेत्रबाट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर नेपाल प्रहरीको जिम्मा लगाएको सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले जानकारी दिए। शर्मालाई कटुवा पेस्तलसहित पक्राउ गरिएको उनले बताए।

शर्माले निशालाई किन र के कारणले गोली हानेको विषयमा अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक लम्सालले बताए।

# हुलाकी राजमार्गले ४५ करोड क्षतिपूर्ति बाँडे

वीरेन्द्र कर्ण



जनकपुरधाम, २३ भदौ। मधेश प्रदेशको लाइफलाइनको रुपमा रहेको पूर्वपश्चिम हुलाकी राजमार्ग निर्माण गर्दा बाटोमा परेका घर सार्न एक हजार ४८० जनालाई ४५ करोड ५५ लाख ६६३ रुपैया क्षतिपूर्ति बाँडेका छन्।

धनुषा, महोत्तरी, सिरहा र सर्लाहीका जिल्लामा निर्माण भई रहेको सो हुलाकी सडक बनाउँदा बाटोमा परेको घर सार्दा उक्त रकम बराबरको क्षतिपूर्ति दिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय क्षति पूर्ति शाखाका प्रमुख संजय कुमार साहले बताए।

क्षति पूर्ति पाउनेमा जनकपुर यदुकोहा, जनकपुर कदमचौक कमला, वीरेन्द्र बजार यदुकोहा, महिनाथपुर, कमला बलानतर्फ, जनकपुर, विसपिटी, भ्रमरपुरा, पोखरभिण्डा, संग्रामपुर, जलेश्वर हर्दिनाथ, बाँके संग्रामपुर, नयाँ रोड, मधुबनी बरहथवा र फुलजोड त्रिभुवननगर सडक निर्माण हुँदा बाटोमा परेका १ हजार ४८० घर अन्यत्र सार्दा उक्त क्षतिपूर्ति दिनु परेको हो।


आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८१/०८२ सम्म निर्माण भएको सो सडकलाई अवरोध गरेको घरहरुलाई अन्यत्र सार्दा उक्त क्षतिपूर्ति दिनु परेको हो।

४०३.६८ किलोमिटर लम्बाई रहेको उक्त सडकको नेपाल सरकारको आठ अर्ब ५७ करोड ३१ लाख ८१ हजार ५ सय ५८ रुपैयामा निर्माण भई रहेको छ। हालसम्म पुलको भौतिक प्रगति ८८प्रतिशत रहेको छ। सो सडक अन्तरगत खुलासा नगरी ६१ वटा पुलहरु रहेको छ। जसमध्ये २२ वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ।

धनुषा, महोत्तरी, सिरहा तथा सर्लाही जिल्लाको दक्षिणी सीमासँग जोडिएकोले दुवै देशको व्यापारमा सुधार आउनुका साथै ३५ लाख जनसंख्या प्रत्यक्ष रुपमा लाभान्वित हुँदै आएको विश्वास लिएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२



## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

## रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,.जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४